प्रदेश सरकार, प्रदेश नं. ३
# आर्थिक मामिला तथा योजना मन्त्रालय
(प्रशासन, आर्थिक नीति तथा राजश्व महाशाखा)

प.सं. २०७५/७६, च.नं. २३४ मिति :- २०७५/०६/११

विषयः राजश्व संकलन सम्बन्धमा ।

श्री मालपोत कार्यालय,

प्रदेश नं. ३ का सबै ।

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ मा घरजग्गा सम्बन्धी दस्तुर बापत प्राप्त हुने राजश्व सम्बन्धित स्थानीय तहले संकलन गरी प्रदेश र स्थानीय तहबिच बाँडफाँट हुने व्यवस्था उल्लेख गरिएको छ । हाल रजिष्ट्रेशन बापतको राजश्व जिल्लास्थित मालपोत कार्यालयहरुबाट संकलन भईरहेकोमा प्रदेश नं. ३ को घरजग्गा रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र घरजग्गा रोक्का दस्तुर सम्बन्धी ब्यवस्था प्रदेश आर्थिक विधेयक, २०७५ अनुसार हुने व्यहोरा अवगत नै छ ।

महालेखा नियन्त्रक कार्यालय (कोष प्रशासन शाखा) को च.नं. २ मिति २०७५/०४/०१ को पत्रानुसार जिल्लास्थित मालपोत कार्यालयहरुबाट संकलन हुने राजश्व अर्को व्यवस्था नभएसम्मको लागि निम्न बमोजिमको रहने भनी उल्लेख भएको छ ।

- प्रदेश तथा स्थानीय तहले संकलन गरी बाँडफाँट हुने राजश्वलाई बैंक भौचरमा प्रभावित स्थान जनाउने कोठा थप गरिनु पर्ने ।
- मालपोत कार्यालयले घरजग्गा रजिष्ट्रेशन सम्बन्धी दस्तुर बापत प्राप्त हुने राजश्व साविकको व्यवस्था अनुसार नै कोष तथा लेखा नियन्त्रक कार्यालयको ख-६ खातामा जम्मा गर्ने व्यवस्था गर्ने । पुजिगत लाभकर सोझै संघीय सरकारको संचित कोषमा जम्मा गर्ने व्यवस्था गर्ने ।
- मालपोत कार्यालयले महिना समाप्त भएको तीन दिनभित्र संकलन भएको राजश्वको ४० प्रतिशत प्रदेशलाई र बाँकी ६० प्रतिशत सम्बन्धित स्थानीय तहहरुलाई बाँडफाँट गरी सम्बन्धित संचितकोषमा रकम ट्रान्सफर गरिदिन कोष तथा लेखा नियन्त्रक कार्यालयलाई अनुरोध गर्ने । अनुरोध भई आएबमोजिम कोष तथा लेखा नियन्त्रक कार्यालयले सम्बन्धित खातामा रकम ट्रान्सफर गर्ने व्यवस्था गरिदिने ।

फोन : ०५७-५२७५२०, फ्याक्स : ०५७-५२७५१८, Email: moeap3@gmail.com, URL: moeap.p3.gov.np
हरिकुञ्ज रोड, हेटौंडा उ.म.न.पा.-२, मकवानपुर

प्रदेश सरकार, प्रदेश नं. ३
# आर्थिक मामिला तथा योजना मन्त्रालय
(प्रशासन, आर्थिक नीति तथा राजश्व महाशाखा)

प.सं. २०७५/७६, च.नं.२३४ मिति :- २०७५/०६/११

माथि उल्लेख भएअनुसार हालसम्मको बाँडफाँट राजश्व प्रदेश सरकारको संचित कोष खातामा बिभाजन भई प्राप्त हुन नआएकोले तोकएबमोजिम संकलन भएको राजश्वमध्ये प्रदेश आर्थिक विधेयक, २०७५ अनुसार तोकिएको संस्थागत सुदृढीकरण खर्च कट्टा गरि बाँकी राजश्वलाई १०० प्रतिशत मानी महिना समाप्त भएको तीन दिनभित्र ४० प्रतिशत राजश्व प्रदेश सरकारको संचित कोष खातामा जम्मा गर्न प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाइदिने व्यवस्था हुन निर्देशानुसार अनुरोध छ ।

..................
उपसचिव
(किशोर बतौंला)

**बोधार्थः**

श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाण्डौ ।

श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रदेश नं. ३, हेटौडा, मकवानपुर ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, प्रदेश नं ३ सबै ।

फोन : ०५७-५२७५२०, फ्याक्स : ०५७-५२७५१८, Email: moeap3@gmail.com, URL: moeap.p3.gov.np
हरिकुञ्ज रोड, हेटौडा उ.म.न.पा.-२, मकवानपुर